संविधानसभाको

# एघारवटा समितिको प्रतिवेदनमा रहेका विषयहरूका सङ्क्षिप्त बुँदाहरू

## १. संवैधानिक समिति

- प्रस्तावनामा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले संविधानसभा मार्फत संविधान निर्माण गरेको घोषणा, विगतका आन्दोलन, शहिदहरूको वलिदान र जनताको त्यागको स्मरण, विगतको पीडाको अन्त्य गर्ने घोषणा, समावेशी लोकतन्त्रका आधारभूत मान्यताको अवलम्बन गरि समाजवादको आधार निर्माण गर्ने कुरा र सामाजिक न्याय सुनिश्चित गर्ने विषय समावेश गरि प्रस्तावना लेखनमा नवीनता देखाएको
- प्रदेशलाई सरोकारपर्ने विषयमा संविधान संशोधन गर्दा प्रदेशको भूमिकालाई समेत स्वीकार गरिएको
- जनमत सङ्ग्रहबाट समेत संविधान संशोधन हुन सक्ने मान्यता आत्मसात गरिएको
- जनतामा निहित सार्वभौमसत्ता र गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, आधारभूत मानव अधिकार, प्रेस स्वतन्त्रता लगायतका विषयहरूलाई आधारभूत संरचनाको रुपमा स्थापित गरिएको
- राजनीतिक दलको नियमित दर्ता र निर्वाचन प्रयोजनको लागि अलग-अलग दर्ताको व्यवस्था
- राजनीतिक दल दर्ता गर्न वार्षिक लेखा परीक्षण प्रतिवेदनको समेत आवश्यकतापर्ने व्यवस्था गरि दललाई राष्ट्र र जनता प्रति जवाफदेही र पारदर्शी बनाउने प्रयास गरिएको
- प्रदेश स्तरमा समेत दल खोल्न सकिने व्यवस्था प्रस्तावित गरिएको
- सङ्कटकालीन अवस्थाको घोषणा मूलतः सङ्घको अधिकारमा रहने
- प्राकृतिक विपत्ति वा महामारीको कारणले सङ्कट सृजना भए पनि सङ्कटकालको घोषणा हुन सक्ने नयाँ व्यवस्था गरिएको
- सङ्कटकालमा मर्कापर्नेले क्षतिपूर्ति पाउने र पीडकलाई सजाय हुने व्यवस्था

### फरक मतका मुख्य-मुख्य बुँदाहरू:

- प्रस्तावनामा बहुलवादको मान्यतालाई उल्लेख गरिनुपर्ने
- आत्म निर्णयको अधिकार प्रस्तावनामा राख्न नहुने
- माओवादी जनयुद्ध लगायत विगतका सबै आन्दोलनको नाम प्रस्तावनामा राखिनुपर्ने
- गणतन्त्र र सङ्घीयताको सर्न्दभमा राष्ट्रिय झण्डा परिमार्जन गरिनुपर्ने
- सार्वभौमसत्ता र अखण्डता बाहेकका अन्य विषयहरूमा संशोधन गर्न सकिने लचिलो व्यवस्था हुनपर्ने

## २. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

- प्रादेशिक पहिचान सहितको एकल सङ्घीय नागरिकताको व्यवस्था
- वंशजको आधारमा नागरिकता प्राप्त हुने व्यवस्था
- आमा र बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नागरिकता प्रदान गरिने
- नेपाली नागरिकसँग विवाह गर्ने विदेशीले १५ वर्ष पछि मात्र नेपाली नागरिकता पाउने
- गैरआवासीय नेपाली परिचय पत्र प्रदान गर्न सकिने
- महत्वपूर्ण पदमा नियुक्ति हुन वंशजको आधारमा नागरिकता प्राप्त गरेको हुनपर्ने
- विभिन्न ३१ वटा शीर्षक अन्तर्गत मौलिक हकको व्यवस्था गरिएको
- नागरिक र राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा विकास र सामुहिक अधिकारहरूलाई समेत मौलिक हकको रुपमा मान्यता दिन प्रस्ताव गरिएको

- मौलिक हक कार्यान्वयनको लागि आवश्यक कानून दुई वर्ष भित्र बनाइने
- देशको भौगोलिक अखण्डताको रक्षा गर्ने, कर तिर्नुपर्ने जस्ता १० वटा विषयलाई नागरिकले पालना गर्नुपर्ने कर्तव्यको रुपमा प्रस्ताव गरिएको
- विषयगत आधारमा निर्देशक सिद्धान्त र नीतिहरूको उल्लेख गरिएको
- राज्यको नीति कार्यान्वयनको लागि चालिएको कदम र प्राप्त उपलब्धि सहितको प्रतिवेदन सरकारले प्रत्येक वर्ष सङ्घीय व्यवस्थापिका समक्ष पेश गर्नुपर्ने थप व्यवस्था
- नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्ने र मौलिक हक तथा मानव अधिकारको संरक्षण एवं संवर्द्धन गर्ने राज्यको दायित्व हुने नयाँ व्यवस्था मस्यौदामा प्रस्तुत गरिएको

**फरक मतका मुख्य-मुख्य बुँदाहरू:**

- नेपाली पुरुषसँग विवाह गर्ने महिलालाई विदेशको नागरिकता त्याग्नासाथ नेपाली नागरिकता दिनुपर्ने
- सङ्घीय सरकार र प्रदेश सरकारले प्रदान गर्ने गरि दोहोरो नागरिकताको व्यवस्था हुनुपर्ने
- जमीनको हदबन्दी गरिने र सीमाभन्दा माथिको जमीन सुकुम्बासी, भूमिहीन र गरीब किसानलाई वितरण गरिने र जमीनको उत्पादन र उत्पादकत्वको वृद्धि गर्न वैज्ञानिक योजना बनाई लागू गरिने
- समग्र सम्पत्तिको सीमा तोक्ने गरि कानून बनाउन सकिने व्यवस्था गर्नुपर्ने
- आदिवासी जनजातिलाई भूमि र प्राकृतिक स्रोतमा अग्राधिकार हुनपर्ने
- गम्भीर मानवीय अपराध विरुद्ध भूतप्रभावी कानुन बनाउन सकिने संवैधानिक व्यवस्था गर्नुपर्ने

## ३. अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति

- नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, समानता, स्वतन्त्रता र न्यायमा आधारित जातीय विभेद, छुवाछुतमुक्त भाषिक र धार्मिक भेदभावरहित सङ्घीय, लोकतान्त्रिक गणतन्त्रात्मक, धर्मनिरपेक्ष, पूर्ण समानुपातिकता सहित समावेशी राज्य हो भनी राष्ट्रको परिभाषा गरिएको
- अल्पसङ्ख्यक समुदाय भन्नाले राज्यद्वारा सबै खाले विभेद र उत्पीडनमा पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शब्दले यस्तो विभेद र उत्पीडन भोग्दै आएका कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय समेतलाई जनाउने
- सीमान्तकृत समुदाय भन्नाले आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, राजनीतिक, जातीय, धार्मिक, भाषिक वा लैङ्गिक वा यौनिक रुपमा पछाडि पारिएका समुदायलाई सम्झनु पर्दछ र सो शब्दले अतिसीमान्तकृत एवं लोपोन्मुख समुदाय समेतलाई जनाउने
- वहिष्करणमा पारिएको समुदाय भन्नाले जातीय विभेद र छुवाछुतमा पारिएको, भाषिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा परी वा शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई सम्झनुपर्ने
  - अल्पसङ्ख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएका वर्गलाई मौलिक पहिचान सहित बाँच्न पाउने, आफ्नो धर्म संस्कृति र भाषा वा लिपिको संरक्षण र सम्बर्द्धन गर्ने, आफ्नो वर्गको विकास, सशक्तिकरण र संरक्षणको लागि राज्य संरचनाका हरेक तहमा सहभागिताको अधिकार रहने, जातीय विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्ति वापत समानुपातिकता माथि थप अधिकारको विशेष व्यवस्था रहने

## ४. राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन

- नेपालमा सङ्घ तह, प्रदेश तह र स्थानीय तह गरि तीन तहको मूल संरचना प्रस्ताव गरिएको
- आधारभूत संरचनाका अतिरिक्त स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र लगायतका विशेष संरचना पनि रहन सक्ने व्यवस्था गरिएको
- राज्यसत्ता सङ्घ, प्रदेश, स्थानीय तह र विशेष संरचना मार्फत प्रयोग गरिने
- सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई देहायका १४ स्वायत्त प्रदेशमा विभाजन गर्ने प्रस्ताव गरिएको -

  १. लुम्बिनी- अवध-थारुवान, २. मिथिला-भोजपुरा-कोच-मधेश, ३. खप्तड, ४. कर्णाली, ५. जडान, ६. मगरात, ७. तमुवान, ८. ताम्सालिङ, ९. नेवा, १०. नारायणी, ११. सुनकोशी, १२. शेर्पा, १३ किराँत र १४. लिम्बुवान

- प्रादेशिक सरकार गठन भएको मितिले एक वर्षभित्रमा उच्चस्तरीय आयोग गठन गरि सङ्घीय सरकारले तोकेको मापदण्डको आधारमा स्थानीय तह- गाउँपालिका र नगरपालिकाको नाम, संख्या र क्षेत्र निर्धारण गरिसक्नुपर्ने
- प्रदेश, स्थानीय तह र स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी जनताको पहिचान, स्व-शासन र स्वायत्तता प्रत्याभूत गरिएको
- सङ्घ र प्रदेश बीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयका सिद्धान्तमा आधारित हुने
- अवशिष्ट अधिकार सङ्घमा राखिएको
- प्रदेशहरू बीच समन्वय हुनुपर्ने विषयहरूमा निर्देशन जारी गर्नसक्ने अधिकार सङ्घलाई प्रदान गरिएको
- प्रदेश र सङ्घ बीच उत्पन्न विवादको समाधान अन्तर प्रादेशिक परिषद्को सिफारिसमा सङ्घीय व्यवस्थापिकाबाट हुने
- प्रदेश, स्थानीय तह र विशेष सरचना बीचका विवाद सम्बन्धित प्रादेशिक व्यवस्थापिकाबाट हुने
- प्रदेश बीचका वा अन्य संरचना बीचका संवैधानिक विवाद वा अनुसूचीमा उल्लिखित अधिकार सम्बन्धी विवादको समाधान संवैधानिक अदालतबाट हुने
- द्विपक्षीय वा बहुपक्षीय वार्ता, मेलमिलाप, समन्वय वा मध्यस्थता जस्ता विवाद समाधानका वैकल्पिक प्रकृयाहरू पनि अवलम्बन गर्न सकिने
- देशको सार्वभौमसत्ता र अखण्डतामा खलल नपर्ने गरि आदिवासी, आदिवासी जनजाति र मधेशीलाई आत्मनिर्णयको अधिकार प्रदान गरिएको
- प्रदेशमा बाहुल्यता रहेको जाति वा समुदायको व्यक्तिको मुख्य नेतृत्व हुने गरि राजनीतिक अग्राधिकारको व्यवस्था गरिएको

### फरक मतका मुख्य-मुख्य बुँदाहरू:

- प्रदेशको विभाजन प्रति असहमति र अस्वीकृति
- विषेशज्ञहरूको आयोग गठन गरि सो को प्रतिवेदनका आधारमा प्रदेशहरू निर्माण गरिनुपर्ने
- आत्मनिर्णयको अधिकार र अग्राधिकारको व्यवस्था संविधानमा राखिनु नहुने
- हालका जिल्लाहरूको तहलाई हटाउनु नहुने

## ५. व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति

- राष्ट्रप्रमुख, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुनेछ जसलाई संसद भनिनेछ। संसदको व्यवस्थापिकीय अधिकार सङ्घीय सूची र साझा सूचीमा उल्लिखित विषयहरूमा निहित रहने
- प्रतिनिधि सभामा १५१ (एकसय एकाउन्न) सदस्य रहने, जसमध्ये प्रत्यक्ष निर्वाचनबाट ७६ जना र समानुपातिक निर्वाचनबाट ७५ जना सदस्यको पूर्ति हुने
- प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचनको लागि ७६ (छयहत्तर) निर्वाचन क्षेत्र कायम गरि प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाको दरले निर्वाचित हुने
- प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेसी, थारु, उत्पीडित जाति, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको वर्ग, क्षेत्र, अल्पसङ्ख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रादेशिक बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिने
- समानुपातिक निर्वाचनबाट निर्वाचित हुने सदस्यहरूका सम्बन्धमा सबै वर्ग, क्षेत्र, लिङ्ग, जाति, भाषा, धर्म, संस्कृति आदिको न्यायोचित प्रतिनिधित्व सम्बन्धी व्यवस्था र त्यसका आधार तथा क्षेत्र निर्धारण सम्बन्धी व्यवस्था कानूनद्वारा गरिने व्यवस्था गरिएको छ। प्रतिनिधि सभाको कार्यकाल पाँच वर्ष कायम गरिएको
- राष्ट्रिय सभामा ५१ सदस्यहरू रहनेछन् जसमध्ये प्रत्येक प्रदेशबाट बराबरी संख्यामा निर्वाचित हुने ३८ सदस्यहरू र सङ्घीय संसदको प्रतिनिधि सभामा प्रतिनिधित्व हुन नसकेका अल्पसङ्ख्यक महिला, जाति, भाषिक, धार्मिक, पिछडिएको वर्ग वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरूबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल संक्रमणीय मतको आधारमा प्रतिनिधि सभाद्वारा कानूनमा व्यवस्था भए बमोजिम निर्वाचित हुने १३ सदस्यहरू रहने राष्ट्रियसभा एक स्थायी सदन हुने र यसको पदावधि छ वर्षको हुने

- ➲ राष्ट्र प्रमुखले प्रधानमन्त्रीको सिफारिशमा वैकल्पिक सरकार गठन हुने संभावना नरहेको अवस्थामा प्रतिनिधि सभाको विघटन गर्न सक्ने
- ➲ प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुनेछ । प्रदेश प्रमुख सहितको यो व्यवस्थापिकालाई प्रदेश सभा भनिने । प्रदेशहरूको व्यवस्थापिकीय अधिकार प्रदेश सभामा निहित रहनेछ । प्रदेश सभामा जनसंख्याका आधारमा बढीमा ३५ सदस्य रहनेछन् । यसमध्ये प्रत्यक्ष निर्वाचनबाट १८ सदस्य र समानुपातिकबाट १७ सदस्य निर्वाचित हुने । प्रदेश सभाको व्यवस्थापिकीय अधिकार प्रदेश सूची र साझा सूचीमा उल्लिखित विषयमा सीमित रहने
- ➲ प्रदेश सभामा प्रत्यक्ष तथा समानुपातिक निर्वाचनबाट निर्वाचित हुने जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरूको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा समानुपातिक निर्वाचन अन्तर्गतको व्यवस्थाबाट हुनेगरि कानूनद्वारा व्यवस्था गरिने प्रत्याभूति गरिएको
- ➲ प्रदेश सभाले आफ्ना सदस्य मध्येबाट एकजना सभामुख र एकजना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुख मध्ये एकजना महिला हुनुपर्ने

**फरक मतका मुख्य-मुख्य बुँदाहरू:**

- केन्द्रमा जनप्रतिनिधिसभा नामको एक सदनात्मक विधायिका रहने जुन २४५ सदस्यीय हुने र बहुसदस्यीय प्रत्यक्ष निर्वाचन प्रणालीको आधारमा चुनिने
- यस सभाले राज्यका अन्य अङ्गहरूको निर्माण, नियन्त्रण निर्देशन एवं अनुगमन गर्ने
- जनताले जनप्रतिनिधिसभाका सदस्यहरूलाई प्रत्याव्हान गर्न सक्ने व्यवस्था हुनुपर्ने
- स्वायत्त प्रदेश सभा २५ देखि ४५ जना सम्मको हुनपर्ने
- प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनमा ५०% महिला उम्मेदवारीको व्यवस्था गरिनुपर्ने

## ६. राज्यको शासकीय स्वरुप निर्धारण समिति

- ➲ केन्द्र, प्रदेश तथा स्थानीय गरि तीन तहको शासकीय संरचनाको सिफारिस गरिएको
- ➲ सङ्घीय कार्यपालिकाको गठन सम्बन्धमा स्पष्ट रुपमा प्रतिवेदन आउन नसकेको भए तापनि प्रदेश र स्थानीय तहको कार्यपालिका गठन र अधिकारको बाँडफाँडमा सर्वसम्मत मस्यौदा तयार भएको
- ➲ शासकीय स्वरुप र निर्वाचन प्रणालीका सम्बन्धमा यस प्रतिवेदनले ३ वटा विकल्पहरू प्रस्तुत गरेको छ । यसमा (१) सहमतीय राष्ट्रपतीय प्रणाली र बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली, (२) संवैधानिक राष्ट्रपतिसहित कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली र मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली र (३) व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली
- ➲ उल्लिखित तीनवटै प्रस्तावका अतिरिक्त प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय पद्धति हुनुपर्ने फरक मतको रुपमा चौथो धारणासमेत आएको
- ➲ प्रदेशको कार्यकारिणी अधिकार प्रदेशको मन्त्रिपरिषदमा रहने
- ➲ सङ्घीय सरकारको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने
- ➲ प्रतिवेदनले स्थानीय कार्यकारी संयन्त्रको पनि व्यवस्था गरेको
- ➲ स्थानीय तहको निर्वाचन प्रणाली स्पष्ट रुपमा सर्वसम्मतिले प्रस्तावित गरेको
- ➲ सरकारी सेवाको गठन र सञ्चालन विधि, सुशासनका आधारसमेतको व्यवस्था गरेको

## ७. न्याय प्रणाली सम्बन्धी समिति

- ➲ नेपालमा ३ तहका अदालतहरू रहनेछन्: (क) सङ्घीय सर्वोच्च अदालत, (ख) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत र (ग) जिल्ला/स्थानीय अदालत
- ➲ प्रादेशिक कानूनद्वारा व्यवस्था भए बमोजिम आवश्यकता अनुसार इलाका वा नगर वा गाउँस्तरीय अदालत/न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायद्वारा विवाद समाधान गर्ने निकाय गठन गर्न सकिने, जिल्ला/स्थानीय अदालतमा छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत/न्यायिक निकाय गठन गर्न सकिने

- सङ्घीय सर्वोच्च अदालत अभिलेख अदालत हुने । मुद्दा मामिलाका रोहमा सङ्घीय सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार, राज्यसरकार तथा सबै अड्डा अदालतले मान्नुपर्ने
- राष्ट्राध्यक्षले सङ्घीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरि सङ्घीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई सङ्घीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्ने व्यवस्था
- सबै प्रकारका रिटहरू हेर्ने असाधारण अधिकार, शुरू कारवाही र किनारा (सङ्घ र राज्य बीचको विवाद, राज्य र राज्यबीचको विवाद, सङ्घीय संवैधानिक अङ्गहरू बीचको विवाद, राष्ट्रिय सुरक्षा, मुद्रा र वैदेशिक मामिला सम्बन्धी विवाद), प्रदेश सर्वोच्च/उच्च अदालतले शुरू कारवाही र किनारा गरेको मुद्दाको पुनरावेदन, आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार, साधक जाँच्ने अधिकार सर्वोच्च अदालतमा रहने
- नेपालको हरेक राज्यमा राज्यस्तरको सबैभन्दा माथिल्लो तहको एक प्रदेश सर्वोच्च/उच्च अदालत रहने
- राज्यप्रमुखले राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरि राज्यव्यवस्थापिकाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्ने व्यवस्था
- जिल्ला/स्थानीय प्रतिनिधिसभा प्रमुखले जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले सिफारिस गरि जिल्ला/स्थानीय प्रतिनिधिसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई जिल्ला/स्थानीय अदालतको न्यायाधीशमा नियुक्ति गर्ने
- प्रधान न्यायाधीश एवं न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन सङ्घीय व्यवस्थापिकामा सङ्घीय व्यवस्थापिका विशेष न्यायिक समिति, राज्यव्यवस्थापिकामा राज्यव्यवस्थापिका विशेष न्यायिक समिति, स्थानीय प्रतिनिधिसभामा जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति रहने
- राष्ट्रिय महत्वका पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएका विषयमा संविधान र सङ्घीय कानूनको व्याख्या गर्ने अधिकार सङ्घीय व्यवस्थापिका विशेष न्यायिक समितिलाई हुने
- समानुपातिक र समावेशी सिद्धान्तको आधारमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम लगायत पिछडिएका समुदायको प्रतिनिधित्व हुनुपर्ने गरि न्यायाधीश नियुक्तिको व्यवस्था गरिएको
- सरकारको मुख्य कानुनी सल्लाहकारको रुपमा रहने महान्यायाधिवक्ता र अभियोजनको कार्यमा केन्द्रित रहेर काम गर्ने महाअभियोजनकर्ताको अलग्गै व्यवस्था गरिएको

**फरक मतका मुख्य-मुख्य बुँदाहरू:**

- संविधानको अन्तिम व्याख्या गर्ने र न्यायिक पुनरावलोकनको अधिकार न्यायपालिकालाई हुनुपर्ने
- सर्वोच्च अदालतका न्यायाधीशहरू मध्येबाटै प्रधानन्यायाधीशको नियुक्ति हुनुपर्ने
- उच्च अदालतका न्यायाधीशको नियुक्ति केन्द्रीय संयन्त्रबाट हुनुपर्ने
- राष्ट्रिय महत्वका विषयहरू हेर्न संवैधानिक अदालतको व्यवस्था हुनुपर्ने
- न्यायाधीशको नियुक्ति स्वतन्त्र संयन्त्रबाट गरिनुपर्ने
- प्रादेशिक उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशको समान तहका अदालतमा सरुवाको व्यवस्था गरिनुपर्ने

## ८. संवैधानिक निकायको संरचना निर्धारण समिति

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, मानवअधिकार आयोगलाई संवैधानिक निकायको रुपमा यथावत राखी महालेखापरिक्षकलाई लेखापरीक्षण आयोगको रुपमा रुपान्तरण गरिएको
- संवैधानिक निकायका रुपमा महिला आयोग, दलित आयोग, आदिवासी/जनजाति आयोग, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग, मधेसी आयोग र मुस्लिम आयोग समेतलाई प्रस्ताव गरिएको

- संवैधानिक निकायका पदाधिकारीको नियुक्ति समानुपातिक समावेशी सिद्धान्तको आधारमा गरिनुपर्ने व्यवस्था गरिएको
- प्रस्तावित सङ्घीय संवैधानिक निकायहरूको प्रादेशिक व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजम हुने व्यवस्था गरिएको

## ९. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति

- सङ्घ, प्रदेश र स्थानीय तह सहित ३ तहको राज्यको संरचनामा आधारित भई अधिकारको बाँडफाँड गरेर सूची प्रस्तावित गरिएको
- सहवर्ति अधिकारको विषयमा सङ्घले संरचनात्मक कानून निर्माण गर्नसक्ने
- आर्थिक अधिकारको सूचीमा अस्पष्ट भएका विषयमा सङ्घीय कानूनले स्पष्ट गर्न सक्ने
- देशमा उपलब्ध प्राकृतिक स्रोतको समन्यायिक उपयोग गरिने र त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गरिने
- देशमा उपलब्ध प्राकृतिक स्रोतको उपयोगका सम्बन्धमा विवाद उत्पन्न हुन नदिन आवश्यक उपायको कार्यान्वयन तथा सङ्घीय इकाईहरू बीच कुनै विवाद उत्पन्न भएमा सो को समाधान गर्नको लागि समेत संवैधानिक निकायको रुपमा विशेषज्ञहरू रहेको प्राकृतिक स्रोत आयोगको प्रस्ताव गरिएको
- राष्ट्रिय सर्वसञ्चित कोषबाट सङ्घीय, प्रादेशिक र स्थानीय सरकार बीच राजश्वको बाँडफाँड गर्ने आधार र संयन्त्र तयार गर्न तथा प्रदेश र स्थानीय तहलाई समानीकरण अनुदानको सिफारिस गर्न राष्ट्रिय वित्तीय आयोगको सिफारिस गरिएको
- एक प्रदेश वा स्थानीय सरकारको क्षेत्रबाट अर्को प्रदेश वा स्थानीय सरकारको क्षेत्रमा मालसामानको आयात निर्यातमा कुनै अवरोध गर्न नपाइने संवैधानिक प्रत्याभूति प्रदान गरिएको
- प्रदेश सरकार र स्थानीय सरकारको छुट्टा-छुट्टै बजेट हुने व्यवस्था गरिएको

### फरक मतका मुख्य-मुख्य बुँदाहरू:

- वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति कुनै अधिकारको सिर्जना गर्दा कानून बमोजिम क्षतिपूर्ति दिइनुपर्ने
- प्राकृतिक स्रोत र साधनको उपयोगमा आदिवासी/जनजाति लगायतका स्थानीय समुदायको अधिकार सुनिश्चित गर्ने

## १०. सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति

- नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुने
- केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा देवनागरी लिपिको नेपाली भाषा हुने
- भविष्यमा भाषा आयोगको सिफारिसमा केन्द्रिय विधायिकाले पारित गरेमा अन्य भाषा पनि सरकारी कामकाजको भाषा हुन सक्ने प्रावधानले बहुभाषिक नीतिलाई स्वीकार गरेको
- प्रदेशको सरकारी कामकाजको भाषा बहुभाषिक हुने सुनिश्चितता
- केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा अदालती काम कारवाहीको भाषा हुने
- संस्कृतिको आडमा निर्मित कुरीति, कुसंस्कार र कुप्रथा वा मान्यताको प्रयोगमा रोक लगाउने गरि कानून बनाउन सकिने
- आपसी सद्भाव, विश्वास र सम्मान नै सामाजिक ऐक्यबद्धताको आधार हुने
- केन्द्रिय सरकार अर्न्तगत एउटा भाषा आयोग स्थापना गरिने

### फरक मतका मुख्य-मुख्य बुँदाहरू:

- एउटा मात्र सरकारी कामकाजको भाषा तोकिन नहुने
- हिन्दी भाषालाई पनि केन्द्रीय सरकारी कामकाजको भाषा बनाइनुपर्ने

## ११. राष्ट्रिय हितको संरक्षण समिति

- सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता, लोकतान्त्रिक व्यवस्था, समानुपातिक र समावेशी सहभागिता, विकास र समानतालाई राष्ट्रिय हितका आधारभूत अन्तरवस्तुको रुपमा स्वीकार गरिएको
- राष्ट्रिय हित विपरितको कार्य कानून बमोजिम दण्डनीय मानिने

- नेपाली सेना, नेपाल प्रहरी, अर्धसैनिक बल र राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी आधारभूत व्यवस्था संविधानमा गर्दै तिनीहरूको सञ्चालन लोकतान्त्रिक तवरले गर्ने प्रत्याभूति गरिएको
- नेपालको सीमाना व्यवस्थापन गर्ने दायित्व नेपाल सरकारको हुने व्यवस्था रहेको
- परराष्ट्र सम्बन्धको सञ्चालन सङ्घको अधिकार क्षेत्रमा रहने, सरकारले राष्ट्रिय आवश्यकता र जनचाहना बमोजिम सन्धि सम्झौता गर्नुपर्ने व्यवस्था प्रस्तावित

# संविधान निर्माणको वर्तमान अवस्थाको सङ्क्षिप्त बुँदाहरू

## तीन वर्षको अवधिमा भएका कार्यहरू

- संविधानसभाका सबै माननीय सदस्यहरू ४० वटा विभिन्न टोलीहरूमा विभाजित भई मिति २०६५।११।१६ देखि २०६५।१२।९ सम्म देशका २४० वटै निर्वाचनक्षेत्रको भ्रमण गरि प्रश्नावलीमार्फत जनताको राय सुझाव सङ्कलन गर्ने कार्य सम्पन्न
- संविधानसभाका सबै विषयगत समितिहरू र संवैधानिक समितिले मिति २०६६।२।९ देखि २०६६।१०।२० को बीचमा आ-आफ्ना कार्यक्षेत्रको अधिनमा रही भावी संविधानको अवधारणापत्र र प्रारम्भिक मस्यौदा सहितको प्रतिवेदन तयार गरि संविधानसभामा पेश गरेका
- प्रत्येक समितिको प्रतिवेदनमाथि ५ दिन अर्थात ३० घण्टाको दरले सभामा छलफल भइसकेको
- संविधानसभाले प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजश्व बाँडफाँड समिति, संवैधानिक निकायको संरचना निर्धारण समिति र अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदन पारित गरि पहिलो एकीकृत मस्यौदा तयार गर्नको लागि क्रमशः मिति २०६६ माघ २१, फागुन १९ र चैत्र २१ मा संवैधानिक समितिमा पठाएको
- संवैधानिक समितिबाट प्रस्तावना र अनुसूचीको साथमा संविधानमा रहने अन्तरवस्तुहरूलाई विभिन्न २७ भागमा विभाजन गरिएको भावी संविधानको प्रारम्भिक खाका तयार गरि संविधानसभाबाट सहमति साथ पारित भईआएका समितिका प्रारम्भिक मस्यौदाहरूलाई उक्त खाकामा समावेश गरि संविधानको पहिलो मस्यौदा तयार गर्ने कार्य मिति २०६६ साल फागुन महिनादेखि नै प्रारम्भ गरेको
- विषयगत समितिका प्रतिवेदनमा कतिपय विषयहरू दोहोरिएका, कतिपय विषयहरू परस्परमा बाझिएका, कतिपय विषयहरू छुट भएका र कतिपय विषयहरू अनिर्णित र विवादास्पद रुपमा रहेकाले त्यसलाई सहमतिपूर्ण ढङ्गबाट समाधान गरि सबै प्रतिवेदनलाई एकरुपतायुक्त र पूर्णता प्रदान गर्न संविधानसभाको मिति २०६६।२।१३ को २९ औं बैठकबाट १५ सदस्यीय अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन अध्ययन समितिको गठन भएको,
- उक्त समितिले सबै विषयगत समितिहरूका प्रतिवेदन अध्ययन गर्ने कार्य पूरा गरि समितिबाट टुङ्गो लगाउन नसकेका २१० वटा प्रश्नावली सहित समितिको अन्तिम प्रतिवेदन मिति २०६७।६।१४ मा संविधानसभाका अध्यक्षसमक्ष पेश गरेको,
- उक्त प्रतिवेदनमा रहेका विवादित प्रश्नहरूमा राजनीतिक सहमति कायम गर्न संविधानसभाका अध्यक्षको अग्रसरतामा संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दलका संसदीय दलका नेताहरूको बैठक बसी मिति २०६७।६।१९ देखि २०६७।८।२६ को बीचमा १३२ वटा विवादित विषयहरूमा सहमति कायम भएको
- ७ वटा समितिका प्रतिवेदनसँग सम्बन्धित ७८ वटा विवाद र राज्यको पुनर्संरचनासँग सम्बन्धित ७८ वटा विवादहरूमा संवैधानिक समितिले नै सहमति कायम गरि पहिलो मस्यौदा तयार गर्ने, कुनै विषयमा सहमति कायम हुन नसके निर्णयको लागि संविधानसभामा पेश गर्ने गरि ७ वटा समितिका प्रतिवेदनहरू २०६७।१०।१२ मा र राज्यको पुनर्संरचना समितिको प्रतिवेदन २०६७।१२।३ मा संवैधानिक समितिमा पठाएको
- संवैधानिक समितिले विवादित विषयहरूमा छलफल गरि त्यसमा सहमति कायम गर्न मिति २०६७।११।१३ मा प्रमुख दलका शीर्ष नेताहरूसमेत रहेको विवाद समाधान उप समिति गठन गरेको
- २०६८।२।१४ सम्म आइपुग्दा ७ वटा समितिसँग सम्बन्धित ७८ वटा विवादमध्ये ५३ वटा विवादमा सहमति कायम भई २५ वटा विवादमात्र समाधान हुन बाँकी रहेको । राज्य पुनर्संरचनासँग सम्बन्धित ७८ वटा विवादमा विशेषज्ञहरूको समेत सुझाव लिई सहमति कायम गर्नु पर्नेमा छलफल चलिरहेको अवस्था

## २०६८ साल ज्येष्ठ १४ पछि सम्पन्न भएका कार्यहरू

- थप भएको १ वर्षको अवधिमा सबै विवादित विषयहरू सहमतिमा पुऱ्याउन नसकिएपछि संविधान निर्माणको क्रममा संविधानको पहिलो मस्यौदा निर्माण लगायतका अन्य कार्यहरू बाँकी नै रहन गए
- यस सन्दर्भमा व्यवस्थापिका संसदले नेपालको अन्तरिम संविधानमा २०६८ ज्येष्ठ १४ गते नवौं संशोधन गरि संविधानसभाको कार्यकाल ३ वर्ष ३ महिना हुने गरि २०६८ भाद्र १४ सम्मको लागि कार्यकाल थप गरेको
- संविधान निर्माण अन्तर्गत सबै विषयगत समितिका प्रतिवेदनहरू विवाद सहित संवैधानिक समितिमा आइसकेको हुनाले संविधान संशोधन गर्नु पूर्व भएको राजनीतिक सहमतिमा थप भएको यो ३ महिनामा शान्ति प्रक्रियाका मूलभूत कार्य सम्पन्न गर्ने र सबै विवादित विषयमा सहमति गरि संविधानको पहिलो मस्यौदा तयार गर्ने कुरालाई लक्ष्यको रुपमा परिभाषित गरियो

## संवैधानिक समिति अन्तर्गत भएका कार्यहरू

- विवाद समाधान गरि संविधानको पहिलो मस्यौदा तयार गर्ने जिम्मेवारी नियमतः संवैधानिक समितिको जिम्मेवारी भएकोले तत्काल संविधानसभाको बैठक बस्नुपर्ने आवश्यकता परेन । संवैधानिक समिति र सो अन्तर्गतको विवाद समाधान उपसमिति केही रुपमा क्रियाशील भएका छन्
- २०६८।२।१४ पछि जेष्ठ १८, १९, असार १९, साउन १६ र १८ तथा भदौ २७ र कार्तिक १९ गते गरि संवैधानिक समितिका ७ वटा बैठक बसेका छन् । समितिले विवाद समाधान उपसमितिको कार्यप्रगति सहितको प्रतिवेदन प्रतिक्षा गरिरहेको छ
- सर्वप्रथम विवादहरूमा सहमति कायम गरेर मात्र पहिलो मस्यौदा तयार गर्न सकिने भएकोले विवाद समाधान गर्न वैधानिक समितिको २०६७ साल फागुन १३ गतेको बैठकबाट देहाय बमोजिमको विवाद समाधान समिति गठन गरिएको सबैमा अवगत नै छः-

  - मा.पुष्पकमल दाहाल प्रचण्ड - संयोजक
  - मा. रामचन्द्र पौडेल - सदस्य
  - मा माधवकुमार नेपाल - सदस्य
  - मा. लक्ष्मणलाल कर्ण - सदस्य
  - मा. कल्पना राणा - सदस्य

- विवाद समाधान उपसमितिका संयोजक श्री पुष्पकमल दाहाल प्रचण्डले मिति २०६८।४।१८ मा संवैधानिक समितिको बैठकमा पेश गर्नु भएको आवधिक प्रतिवेदनमा २०६८।२।१४ पछि विवाद समाधान समितिका ९ वटा बैठक सम्पन्न भएको विवरण राखिएको छ
- त्यसरी सम्पन्न भएको बैठक २०६८ ज्येष्ठ २६, २७, ३१, असार १३, १६, २०, २१ र साउन १३ र १५ मा बसेको देखिन्छ
- उपसमितिको २०६८।४।१३ को बैठकले राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ मध्ये छरिएर रहेका एउटै विषयसँग सम्बन्धित विवादहरूलाई एउटै बुँदामा समेटने, संविधानसभाबाट पहिले नै निर्णय भएका विषयसँग सम्बन्धित विवादलाई अब कायम नराख्ने र अन्य समितिको प्रतिवेदनमा रहेका विवादलाई नदोहोऱ्याउने दृष्टिकोणबाट राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुङ्गो लाग्न बाँकी विवादका विषयलाई २५ वटा प्रश्नमा समेट्ने निर्णय गरेको छ ।
- दोस्रो पटक थप भएको ३ महिनाको अवधिमा पनि कुनै ठोस काम हुन नसकी लक्ष्य अनुरुप पहिलो मस्यौदा बनाउन नसकिएपछि भदौं १२ गते व्यवस्थापिका संसदले नेपालको अन्तरिम संविधानमा दशौं संशोधन गरि संविधानसभाको कार्यकाल ३ वर्ष ६ महिना हुने गरि २०६८ मार्ग १४ सम्मको लागि कार्यकाल थप गर्ने काम गरेको छ
- भदौं १२ मा थप ३ महिनाको अवधि थप भएपछि विवाद समाधान उपसमितिको बैठक ५ पटक थप बसेको छ
- भदौं १७, १८ र २३ मा बसेको बैठकमा शान्ति प्रक्रियाका मूलभूत कुरामा ठोस सहमति भई प्रगति प्रारम्भ नभएसम्म संविधान निर्माणतर्फ क्रियाशील हुन नसकिने भन्ने केही प्रमुख दलको अडान पछि संविधान निर्माण कार्य अवरुद्ध जस्तै रहेको थियो । संविधानसभा र यस अन्तर्गतका संयन्त्रले शान्ति प्रक्रिया कसरी अघि बढ्छ भनी

प्रतिक्षा गर्नु पर्ने अवस्था सृजना भएको थियो । २०६८।७।१५ मा शान्ति प्रक्रियाका मूलभूत विषयमा ऐतिहासिक ठोस सहमति भएपछि संविधान निर्माणमा पनि सकारात्मक सङ्केत देखिएको छ

- सो सहमति पश्चात २०६८।७।१८ मा विवाद समाधान उपसमितिको बैठक बसी राज्य पुनर्संरचनाको लागि सुझाव लिन संविधानसभाबाट विशेषज्ञ समिति गठन गर्ने बारेमा संविधान संशोधन लगायतका आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय भएको साथै सो बैठकले उपसमिति अन्तर्गतको गृह कार्यटोलीलाई शासकीय स्वरुप र निर्वाचन प्रणालीका सम्बन्धमा रहेका विवाद समाधानका लागि गृहकार्य गरि लिखित प्रतिवेदन पेश गर्ने निर्देशन दिइएको
- २०६८।७।१९ मा संवैधानिक समितिको बैठक बसी विवाद समाधान उपसमितिको सिफारिस अनुरुप राज्य पुनर्संरचनाको बारेमा सुझाव लिन विशेषज्ञ समिति गठन गर्ने उपसमितिको सहमतिलाई बैठकले अनुमोदन गरेको र दलहरू बीचको ७ बुँदे सम्झौतालाई स्वागत गरेको ।

## समाधान हुन बाँकी विषयहरूको विवरण

**शासकीय स्वरुपसँग सम्बन्धी**

- सङ्घको शासन प्रणाली
- सङ्घीय मन्त्रिपरिषद गठन
- सङ्घ र प्रदेशको निर्वाचन प्रणाली
- निर्वाचनमा कति वर्ष उमेर पुगेको नागरिकलाई मताधिकार हुने ?
- सबै तहका विधायिकामा विभिन्न समुदायको प्रतिनिधित्व कसरी गराउने ?

**मौलिक हकसँग सम्बन्धित १२ वटा मध्ये मुख्य बुँदाहरू**

- भूत **प्रभावी** कानून बनाउने छुट संसदलाई हुने वा नहुने ?
- **सम्पत्तिको** हक कसरी प्रत्याभूत गर्ने ?
- **राजनीतिक** अग्राधिकार र आत्म निर्णयको अधिकार कसरी संबोधन गर्ने ?

**संवैधानिक समितिको प्रतिवेदनसँग सम्बन्धित प्रमुख विषयहरू**

- प्रस्तावनासँग सम्बन्धित विषयहरू
- संविधान संशोधनसँग सम्बन्धित विषयहरू
- विविध विषयका प्रश्नहरू

## राज्यको पुर्नसंरचना समितिको प्रतिवेदनमा २५ वटा विवादित विषयहरू

**मस्यौदाको धारा ३ राज्यको पुनर्संरचना र राज्यशक्तिको स्वरुप शीर्षक अन्तर्गत (पेज II – III)**

१. उपधारा (३) मा पहिचान, स्वशासन र स्वायत्तता प्रत्याभूत गर्नु पर्ने समुदायमा रहेको आदिवासी, आदिवासी जनजाति भन्ने शब्दहरू स्पष्ट र पर्याप्त भएको वा नभएको ? त्यसमा मधेशी समुदाय र उत्पीडित क्षेत्रका जनता भन्ने शब्दावली पनि थप गर्नु पर्ने वा नपर्ने ?

२. सङ्घीय नेपालको मूल संरचना सङ्घ, प्रदेश, स्थानीय गरि तीन तह हुने वा विशेष संरचना पनि रहने ?

**धारा ४ सङ्घीय नेपालको तहगत संरचना शीर्षक अन्तर्गत (पेज III – IV)**

३. (फरकमत) उपधारा (४) को दोश्रो हरफमा रहेको "संविधानको धारा ८ मा व्यवस्था भएबमोजिम" भन्ने शब्दको सट्टा "प्रादेशिक कानूनमा व्यवस्था भएबमोजिम" भन्ने शब्द राख्ने वा नराख्ने ?

४. (फरकमत) उपधारा (५) मा रहेको "स्थापना हुने" पछि "विशेष संरचनालाई" भन्ने शब्दहरू थप्ने वा नथप्ने

५. (फरकमत) सोही उपधारामा रहेको "स्वायत्त क्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लिखित अधिकार प्रयोग गर्ने गरि" भन्ने शब्दहरू हटाउने वा नहटाउने ?

*(यी ३ वटा माथिका प्रश्नहरू विशेष संरचनासँग सम्बन्धित भएकोले विशेष संरचनाबारको प्रश्न नं. १० निर्णय भएपछि संबोधन गर्न सजिलो हुने देखिन्छ ।)*

**धारा ५ प्रदेशको निर्माण शीर्षक अन्तर्गत (पेज V – VII)**

६. राज्यको पुर्नसंरचना गरि प्रदेशको संख्या, नामाकरण र सीमाङ्कनको विषयमा रहेका फरक विचारहरूलाई कसरी संबोधन गर्ने ?

७. प्रदेशको नाम हेरफेर गर्ने, प्रदेश गाभिने र नयाँ प्रदेशको निर्माण गर्ने सम्बन्धमा रहेको प्रस्तावित व्यवस्था यथावत राख्ने वा परिवर्तन गर्ने ? परिवर्तन गर्ने भए कस्तो व्यवस्था गर्ने ?

**धारा ६ सङ्घको राजधानी सम्बन्धी विषय**

८. सङ्घको राजधानी निर्धारण गर्ने र हेरफेर गर्ने सम्बन्धी धारा ६ मा प्रस्तावित व्यवस्था परिमार्जन गर्नु पर्ने वा नपर्ने ?

**धारा ७ स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण अर्न्तगत (पेज VII - VIII)**

९. संविधानमा रहने स्थानीय सरकार सम्बन्धी प्रस्तावित व्यवस्था पर्याप्त रहेको वा नरहेको ? स्थानीय सरकार अन्तर्गत विद्यमान जिल्ला तह रहने वा नरहने ? स्थानीय तहको संरचना गर्दा अपनाउने प्रस्तावित मापदण्ड पर्याप्त छ वा छैन ?

**धारा ८ विशेष संरचना सम्बन्धी व्यवस्था अन्तर्गत (पेज IX – X)**

१०. प्रश्न नं. २ को सम्बन्धमा छलफल भई विशेष संरचना रहने सहमति भएमा विशेष संरचना अन्तर्गतको निकायको निर्माण कसरी गर्ने ? विशेष संरचनालाई हुने अधिकार प्रयोगको संयन्त्र कस्तो हुने ? विशेष संरचना प्रदेशको मातहतमा हुने वा नहुने ?

**धारा ९ सङ्घ, प्रदेश, स्थानीय तह र विशेष संरचनाको अधिकारको बाँडफाँट शीर्षक अन्तर्गत (पेज X – XII)**

११. प्रादेशिक कानुनसँग स्थानीय तहले वनाएको कानून बाझिएमा त्यस्ता कानून स्वतः निस्कृय हुने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

१२. उपधारा (११) - अवशिष्ट अधिकार प्रदेशलाई हुनुपर्ने गरि परिमार्जन गर्ने वा नगर्ने ?

**धारा ११ सङ्घीय एकाइहरू बीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी व्यवस्था**

१३. अन्तरप्रादेशिक परिषद्मा विशेषज्ञहरू, स्वतन्त्र व्यक्तिहरू रहनुपर्ने, यो परिषद्मा राजनीतिक प्रकृतिका व्यक्तिमात्र रहने व्यवस्था गरियो, विवादको पक्ष समेत यो परिषद्मा रहने अवस्था आउने हुँदा प्रभावकारी हुन नसक्ने, यसमा कानुनमन्त्री समेत राख्नु पर्ने भन्ने मतहरू आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

**धारा १३ राजनैतिक अग्राधिकार सम्बन्धी**

१४. राजनीतिक अग्राधिकार सम्बन्धमा धारा १३ मा प्रस्तावित व्यवस्था परिमार्जन गर्नु पर्ने वा नपर्ने ?

१५. उपधारा (२) मा दलितलाई थप सात प्रतिशत क्षतिपूर्ति दिने व्यवस्था हुनुपर्ने विषय राख्ने वा नराख्ने ?

१६. स्थानीय निकायमा दलित समुदायको बाहुल्यता भएको स्थानमा दलित नै प्रमुख हुने व्यवस्था गर्नुपर्ने वा नपर्ने ? (प्रश्न १४ मा रहेको विषयमा छलफल भई भएको सहमतिमा आधारित भई १५ र १६ नं.लाई संबोधन गर्नु पर्ने अवस्था रहेको)

१७. मस्यौदामा रहेको धारा १४ महिलाको अधिकार, धारा १५ दलितको अधिकार जस्तै धारा २० थप गरि मुस्लिमको अधिकार उल्लेख गर्नुपर्ने भन्ने विषय उठेको र सभामा सम्बन्धित समितिका सभापतिले स्वीकार गर्नु भएकोले उक्त विषयलाई कसरी संबोधन गर्ने ?

**अनुसूची-२ स्वायत्त क्षेत्रको सूची अन्तर्गत**

१८. यो अनुसूची पूरै हटाउनुपर्ने वा नपर्ने ? (प्रश्न नं २ र १० सँग अन्तरसम्बन्ध रहेको ।)

**अनुसूची-३ सङ्घको अधिकार सूची अन्तर्गत**

१९. (फरकमत) देहायका विषयलाइ यस अनुसूचीबाट हटाई अनुसूची-४ को प्रदेशको अधिकार सूचीमा समावेश गर्ने वा नगर्ने ?

- क्रमसंख्या ४ को केन्द्रीय दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक,

- क्र.सं. ५ को भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर,
- क्र.सं. २४ को हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी,
- क्र.सं. २५ को नापतौल, क्र.सं. २७ को वीमा नीति
- क्र.सं. २९ को बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकार समेत)

२०. क्रमसंख्या ३ मा "मुद्रा" शब्द थप्नुपर्ने वा नपर्ने ?

२१. क्रमसंख्या ३० पछि देहायको क्रमसंख्या र विषयहरू थप गर्ने वा नगर्ने ?

"३१. भूमिसुधार, ३२. राष्ट्रियस्तरको वन, ३३. तालतलैया, ३४. निकुञ्ज र ३५. नदी र पहाडहरू ।"

**अनुसूची-४ प्रदेशको अधिकार सूची अन्तर्गत**

२२. क्रमसंख्या २१ मा रहेको 'भूमि व्यवस्थापन' शब्द हटाउनुपर्ने वा नपर्ने ?

**अन्य प्रश्नहरू**

२३. जनजाति तथा दलित काउन्सिल बारे संविधानमा व्यवस्था गर्ने वा नगर्ने ?

२४. मधेशी, खस र नेवार जातीय समुदायमा रहेका कथित शूद्र, अछुत वा दलित जातहरूको संविधानको सूचीमा समावेश गर्नुपर्ने वा नपर्ने ?

२५. जनयुद्ध, जनआन्दोलन, मधेशआन्दोलन लगायतका सबै सङ्घर्षहरूमा सहादत प्राप्त गर्नुहुने महान शहीद, बेपत्ता योद्धा र घाइतेको उच्च मूल्याङ्कन गर्दै सङ्घीय, प्रादेशिक, विशेष संरचना र स्थानीय निकाय लगायतका सबै अङ्गहरूमा उनीहरूका परिवारजनहरू र घाइतेलाई प्रतिनिधित्व गरिने कुरा मस्यौदामा उल्लेख गर्नुपर्ने वा नपर्ने ? (यो प्रश्न मौलिक हक र संवैधानिक समितिको प्रतिवेदनमा पनि विचाराधीन रहेकोले अन्तरसम्बन्धित)

## संविधान निर्माणका क्रममा सम्पन्न हुन बाँकी कार्यहरू

- सभाले दिएको सुझाव र निर्देशनको आधारमा किटान गरिएका विवाद समाधान गर्दै संवैधानिक समितिबाट सबै समितिका मस्यौदा प्रतिवेदन एकीकरण गरि संविधानको पहिलो मस्यौदा तयार गर्ने
- पहिलो मस्यौदामाथि सभामा सैद्धान्तिक छलफल गरि पारित गर्ने र राजपत्रमा प्रकाशन गर्ने
- पहिलो मस्यौदामा आम जनताको राय सुझाव लिने
- जनताको सुझाव बमोजिम पहिलो मस्यौदा परिमार्जन गरि संविधानको विधेयक तयार गर्ने
- माननीय सदस्यहरूबाट पर्ने संशोधन सहित सभामा धारागत छलफल गरि प्रस्तावना सहित प्रत्येक धारा पारित गर्ने
- पारित संविधानमा सबै सदस्यहरूले हस्ताक्षर गर्ने, अध्यक्षले प्रमाणिकरण गर्ने र राष्ट्रपति महोदयसमक्ष पेश गरि संविधान जारी भएको घोषणा गर्ने

मिति २०६८।७।१५ मा शान्ति प्रक्रिया र संविधान निर्माणको सम्बन्धमा राजनीतिक दलहरूको बीचमा सहमति भएको छ । सो सहमतिका मूलभूत बुँदाहरू देहाय बमोजिम छन्:

- बढीमा छ हजार पाँचसयसम्म लडाकु समायोजन हुने जसमा सुरक्षा निकायबाट ६५ र लडाकुबाट ३५ प्रतिशत हुने,
- समायोजन नहुने लडाकुमध्ये पुनर्स्थापनामा जानेलाई शिक्षा, तालिम एवं व्यवसायिक अवसर समेतको ६ देखि ९ लाख सम्मको प्याकेज दिइने,
- नगद रकम लिई स्वेच्छिक अवकाशमा जानेहरूलाई ५ देखि ८ लाखसम्मको रकम दिइने,
- लडाकुको समूह विभाजन, सम्पत्ति फिर्ता र अर्धसैनिक संरचना भङ्ग मङ्सिर ७ गतेभित्र सम्पन्न गरिने,
- संविधानसभाबाट विज्ञको टोली बनाई राज्य पुनर्संरचनाको सुझाव लिने,
- संविधान निर्माणलाई तिब्रता दिइने, एक महिनाभित्र नयाँ संविधानको मस्यौदा निर्माण प्रारम्भ गरिने,
- महानिर्देशनालयले विकास निर्माण, वन सुरक्षा, औद्योगिक सुरक्षा र विपत व्यवस्थापन गर्ने,
- समायोजनमा जाने लडाकुले सुरक्षा निकायको मापदण्ड व्यक्तिगत आधारमा पूरा गर्नुपर्ने तर शिक्षामा एक तहसम्म, उमेरमा तीन वर्षसम्म र वैवाहिक स्थितिमा लचकता अपनाइने,
- समायोजन सुरु भएपछि हतियार स्वतः सरकार मातहत आउने,
- उक्त सहमति पश्चात देशमा शान्तिप्रक्रिया पूरा हुने र संविधान निर्माणको काम सम्पन्न हुने वातावरणको सिर्जना भएको सर्वत्र विश्वास गरिएको छ ।

**(प्रकाशित मिति: २०६८ कार्तिक २० गते)**

## विस्तृत जानकारीको लागि


## संविधान सूचना केन्द्र

नेपाल कानून समाज

अनामनगर, काठमाण्डौ, नेपाल

फोन : ४२६६७३५,

फ्याक्स : ४२२८४९७,

पो.ब.नं. : १३२११

इमेल : nls@wlink.com.np

वेब-साइट : www.nls.org.np